धनौजी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

धनौजी, धनुषा

मधेश प्रदेश,नेपाल

प.स.०८१।०८२

च.न.

मिति:२०८१।१०।३०

**विषय : बेरोजगार व्यक्तीको सुचीमा सुचीकृत हुने सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा रोजगारीको. हक सम्बन्धी ऐन,२०७५ को दफा ११ को उपदफा १,रोजगारीको हक सम्बन्धी (दोस्रो संशोधन) नियमावली,२०७५ को नियम ७ को उपनियम १ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका,२०७५ को दफा १८ उपदफा १ बमोजिम अगामी आ.व. २०८२।०८३ मा न्यूनतम् रोजगारीमा संलग्न हुन ईच्छुक १८ वर्ष उमेर पुरा भई ५९ वर्ष ननाघेका बेरोजगार व्यक्तीहरुले बेरोजगार व्यक्तीको सूचीमा सूचीकृत हुन आफु स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा आवश्यक कागजातहरु सहित मिति २०८१ फाल्गुन १ गते देखि २९ गते भित्र तोकिएको ढाँचामा निवेदन दिन हुन सम्बन्धित सवैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

.................................

सन्तोष कुमार शर्मा

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

**आवश्यक कागजातहरु**

१.निवेदकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी १ प्रति

२.निवेदकको फोटो १ प्रति

३.परिवारमा रहेका व्यक्तीहरुको नागरिकता प्रमाण पत्र वा जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपी १/१ प्रति(अनिवार्य)

४.निवेदकले कुनै सीपमूलक तालिम लिएको भए सोको प्रतिलिपी १ प्रति

बोधार्थ:

श्री वडा कार्यालय सवै(१-५)सूचना वडामा प्रकाशित गरिदिनहुन् ।

श्री सूचना तथा प्रविधि शाखा, गा.पा.को वेवसाईट तथा सामाजिक संजालमा अपलोड गर्नु हुन् ।

**पुनश्चः फारममा उल्लेखित सम्पूर्ण विवरणहरु अनिवार्यरुपमा भर्नुपर्ने छ । अपुरो फर्म मान्य हुने छैन ।**

सम्पर्क: गा.पा. अध्यक्ष9844026362 , गा.पा. उपाध्यक्ष9821234150प्रमुख प्रशासकीय अधिकृत
email:dhanaujimun@gmail.com, web: www.dhanaujimun.gov.np